केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/९/०७५/७६ मिति: २०७५/०८/२०

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७५ को विभिन्न इ.प्रा.निर्देशनहरुमा देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

(१) इ.प्रा.निर्देशन नं. ५/०७५ को बुँदा नं. ६ को उपबुँदा नं ६ मा देहायबमोजिमको खण्ड (ङ) थप गरिएको छ।

(ङ) सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम प्रवाहित कर्जालाई यस प्रयोजनको लागि कर्जा तथा सापटबाट घटाउन सकिनेछ।

(२) इ.प्रा.निर्देशन नं. १५/०७५ को बुँदा नं.४ को उपबुँदा नं. ३ को पहिलो अनुच्छेदमा रहेको **"ख" र "ग" वर्गका ईजाजतपत्रप्राप्त संस्थाहरुको हकमा २०७५ असोज मसान्त पश्चात ५ प्रतिशत भन्दा बढी भएमा देहाय बमोजिमको सबै कारवाही हुनेछ"** भन्ने वाक्यांशको सट्टा **"ख" र " ग" वर्गका राष्ट्रियस्तरका वित्तीय संस्थाहरुको हकमा २०७५ पुषमसान्त पश्चात र राष्ट्रियस्तर बाहेकका वित्तीय संस्थाहरुको हकमा २०७६ असारमसान्त पश्चात ५ प्रतिशत भन्दा बढी भएमा देहायबमोजिमको सबै कारवाही हुनेछ"** भन्ने वाक्यांश राखिएको छ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ:
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौं।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
(१०) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाडौं।
(११) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाडौं।
(१२) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार, काठमाडौं।